संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

**प्रेस विज्ञप्ति - २०६४ वैशाख ११**

---

## उच्चायुक्तको कार्यालय–नेपालद्वारा एक बर्षपछि जनआन्दोलनका उपलब्धि, चुनौतीहरूको स्मरण

गत अप्रिलमा दशौं हजार जनता प्रजातन्त्रमा फर्कन र मानवअधिकारको सम्मान को लागि माग गर्दै सडकमा उत्रिए। त्यसपछि भएको आक्रमणको अन्त्य, शान्ति सम्झौताको हस्ताक्षर, अन्तरिम संविधानको मसौदा तथा अन्तरिम सरकारको गठन सबै ठूला राजनीतिक उपलब्धिहरू हुन् जसले मानवअधिकारमा प्रभाव पारेको छ।

धेरै चुनौती बाँकी छन्। सबैभन्दा जल्दाबल्दा अवश्यक्तामध्ये एउटा हो जवाफदेहीता र आक्रमणहरूको समयमा र त्यसयता राज्य तथा नेकपा-माओवादीका हातबाट उल्लङ्घन वा दुर्व्यवहार खेपेका धेरै व्यक्तिका न्याय प्राप्तिको अधिकारलाई सम्बोधन गर्नु। रायमाझी आयोग जस्ता छानबिन आयोगका प्रतिवेदन कहिल्यै पनि सार्वजनिक गरिएका वा तिनका सिफारिस कार्यान्वित गरिएका छैनन्। "बेपत्ता पारिएका"को अवस्था र भाग्यस्थितिको निक्यौंल गर्न कुनै पनि अर्थपूर्ण कदमहरू अझै उठाइएका छैनन् र गम्भीर मानवअधिकार उल्लङ्घनका पीडकहरूले पूर्ण दण्डहीनताको उपभोग गर्ने कार्य जारी छ।

उच्चायुक्तको कार्यालय-नेपाल जनआन्दोलनको क्रममा र पछि मानवअधिकार रक्षकद्वारा खेलिएको भूमिकाप्रति सम्मान व्यक्त गर्न चाहन्छ। यस कार्यलयको आफ्नो दैनिक कार्यमा उनीहरू सशक्त साझेदार भइरहनेछन्। राष्ट्रिय मानवअधिकार आयोग नेपालमा सबैभन्दा महत्वपूर्ण मानवअधिकार निकायहरूमध्येको एउटा रहन्छ। उच्चायुक्तको कार्यालय-नेपाल नयाँ आयुक्तहरूको नियुक्तिका लागि यथाशीघ्र कार्य गर्न सरकारलाई फेरि आग्रह गर्दछ जसले गर्दा राष्ट्रिय मानवअधिकार आयोगले शान्ति र निर्वाचन प्रक्रियाको अवधिभर मानवअधिकारको संरक्षण र प्रबर्द्धन गर्नमा यसले खेल्नुपर्ने महत्वपूर्ण भूमिका खेल्न सकोस्।

दण्डहीनताको अन्त्य गर्न एवं अझ व्यापक मानवअधिकारको सम्मान सुनिश्चित गर्न कानुनी शासनको पुनर्स्थापना गर्नु अत्यावश्यक छ। सरकार र राजनीतिक नेताहरूले परिवर्तनको प्रक्रिया सुरु गरेर निश्चित अत्यन्त महत्त्वपूर्ण मानवअधिकारसम्बन्धी मुद्दाहरूलाई सम्बोधन गर्ने साहस र तत्परता प्रदर्शन गरेका छन्। दीर्घकालमा मानवअधिकारको संरक्षणलाई बलियो बनाउन गहन तथा अर्थपूर्ण परिवर्तन ल्याउने कार्यले समय लिन्छ र यसका लागि नेपाली समाजका सबै क्षेत्रको सहकार्यात्मक प्रयास चाहिन्छ। राजनीतिक अठोटले नेपाली जनताका मानवअधिकारसम्बन्धी आकांक्षाहरूलाई पूरा गर्न अल्पकालका लागि धेरै गर्न सकिन्छ। निर्वाचनका लागि पर्याप्त सुरक्षासहितको, तथा त्रास, डरधम्की वा हिंसाबिनाको वातावरण सिर्जना गर्ने कार्य प्राथमिकता हुनुपर्छ। यो सबै राजनीतिक दलको जिम्मेवारी हो, तर खासगरी सरकारको। यी अवस्था सुनिश्चित गर्नमा कानुन कार्यान्वयन गर्ने निकायहरूको विशेष भूमिका हुन्छ।

> "मानवअधिकारमा भएको प्रगतिलाई ढुक्क भएर लिइनु हुँदैन। अगाडि धेरै चुनौती भएकाले गर्नुपर्ने धेरै छ। उच्चायुक्तको कार्यालय-नेपाल शान्ति तथा निर्वाचन प्रक्रियाको समर्थनमा मानवअधिकारको संरक्षणलाई बलियो बनाउनका लागि सघाउन आफूले गर्नसक्ने सबै गर्ने आफ्नो

प्रतिबद्धता दोहोऱ्याउँदछु," संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपालकी प्रतिनिधि लेना सुन्धले भन्नुभयो।

**For further information contact Mr. Marty Logan at OHCHR-Nepal:**
**Tel.: 428 0164 (Ext. 321) - Mobile: 98510 16107 or Email: mlogan@ohchr.org**